# नेपाल बन निगम लिमिटेड

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं

## काठ दाउरा संकलन र आपूर्ति सम्बन्धी संक्षिप्त कार्ययोजना
## (आ.ब.०७७।७८ देखि आ.ब.०८१।८२ सम्म)

२०७७ साल फाल्गुन

Contents

भाग-१ ........................................................................................................................3
नेपाल बन निगम लिमिटेडको परिचय...........................................................................................3
११. परिचय ......................................................................................................................3
१.२ उद्देश्य .......................................................................................................................3
१.३ जनशक्ति र श्रोत साधन.......................................................................................................4
१.४ भौतिक संरचना तथा सम्पति ...............................................................................................5
१.५ पूंजी तथा शेयरहोल्डरः ......................................................................................................6
१.६ सञ्चालक समिति .............................................................................................................7
१.७ कार्यक्षेत्र ......................................................................................................................7
१.८ काठ, दाउराको माग र आपूर्तिको अवस्था ...................................................................................8
१९. काठ दाउरा प्राप्तिमा समस्या ...............................................................................................10
१समस्या समाधानका दिगो उपायहरु १०. ......................................................................................10
भाग-२ ........................................................................................................................11
निगमबाट उत्पादन गर्ने वस्तु तथा सेवाहरु ...................................................................................11
२उत्पादन गर्ने वस्तु तथा सेवाहरु १. ...........................................................................................11
२.१.१ गोलिया काठ तथा दाउराः ..................................................................................................11
२चिरान काठ उत्पादनः २.१. ......................................................................................................11
**२.१.३ गोल / ब्रिकेटः** ...............................................................................................................11
२पोल ट्रिटमेन्टः ४.१. ...............................................................................................................11
२कार्पे ५.१.न्ट्री सपः ...............................................................................................................11
२काठ सिजनिङ्ग र ट्रिटमेन्टः ६.१. ..............................................................................................12
२व्यवसायीक भवन निर्माण र संचालनः ७.१. ....................................................................................12
**२लक्षित बजार क्षेत्रः २.** .........................................................................................................12
भाग-३ ........................................................................................................................13
संक्षिप्त कार्ययोजना..............................................................................................................13
३.१ काठ, दाउरा संकलनको पञ्च बर्षिय लक्ष्य :.................................................................................13
३.२ चिरान काठ बिक्री बितरणको पञ्च बर्षिय लक्ष्य : ..........................................................................14
३.३ गोलिया काठ दाउरा थोक बिक्री बितरणको पञ्च बर्षिय लक्ष्य : ............................................................14
३.४ बिक्रीबाट प्राप्त रकम र राजस्व प्राप्तिमा टेवा : ..............................................................................15
(रकम रु लाख मा, परिमाण हजार मा) ........................................................................................15
३.५ खर्च तथा बचत : ...........................................................................................................16
भाग-४ ........................................................................................................................17
प्रतिफल, रोजगारी तथा निष्कर्ष ................................................................................................17
४.१ कार्ययोजनाको प्रतिफल:....................................................................................................17
४.२ रोजगारी श्रृजना : ...........................................................................................................17
४.३ निष्कर्ष :.....................................................................................................................18

## भाग-१

## नेपाल वन निगम लिमिटेडको परिचय

### १.१ परिचय

नेपाल वन निगम लिमिटेड नेपाल सरकारको पूर्ण स्वामित्व भएको (क) श्रेणीको कम्पनी हो। यो कम्पनी ऐन २०१७ अनुसार स्थापित साविक द टिम्वर कर्पोरेशन अफ नेपाल लिमिटेडलाई पूँजी वृद्दी गरी वन पैदावार विकास समितिलाई समेत समावेश गरी कम्पनी ऐन २०६३ अनुसार विस्तार गरिएको रुप हो। काठ तथा काष्ठजन्य वन पैदावारको दिगो उत्पादन, प्रसोधन एवं सर्वसुलभ र प्रभावकारी किसिमले आपूर्ति गर्दै राजस्वमा अभिवृद्दी गरी राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान गर्नुको साथै विदेशबाट हुने काठ आयातलाई बिस्थापित गर्दै स्वदेशी मुद्रा संचितिमा टेवा पुर्याउने उदेश्यका साथ यो कम्पनीबाट प्रभावकारी रुपमा कार्य सम्पादन हुने सरकारको अपेक्षा रहेको देखिन्छ।

हाल नेपाल वन पैदावार विकास समितिलाइ कर्पोरेशनमा गाम्ने सम्बन्धमा बिबाद भर्इ सम्मानिय सर्बोच्च अदालतमा मुद्दा बिचाराधिन अबस्थामा रहेकोले नेपाल वन निगम लिमिटेड पूर्व द टिम्बर कर्पोरेशन अफ नेपालले सम्पादन गर्ने गरेका कार्यहरुमा मात्र सिमित भएको छ।

### १.२ उद्देश्य

नेपाल वन निगम लिमिटेडको प्रबन्ध पत्र अनुसार निगमका उदेश्यहरु देहायबमोजिम रहेका छन्।

- काठजन्य पैदावारको कटान, संकलन गर्ने,
- काठजन्य पैदावारको सर्वसुलभ आपूर्तिको व्यवस्था मिलाउने,
- काठजन्य पैदावारको प्रसोधन एवं गुणस्तर वृद्धि तथा मूल्य अभिवृद्धि गर्न काठजन्य पैदावारमा आधारित उद्योगहरुको स्थापना, प्रवर्द्धन, सञ्चालन र विकास गर्ने,
- निगमको कार्यसंग सम्बन्धित उत्पादन, सेवा, र व्यापार अभिवृद्धिका लागि आवश्यक अध्ययन र अनुसन्धान गर्ने,
- वृक्षारोपण र सोको संरक्षण एवं व्यवस्थापन गर्ने,
- हरियाली प्रवर्द्धन, काठजन्य वन पैदावारको दिगो उत्पादन प्रशोधन एवं काठजन्य पैदावारको प्रशोधन मार्फत रोजगारीका अवसरहरु सिर्जना गरि आर्थिक बिकास एवं गरिबी निवारणमा योगदान पुर्याउने,
- विद्युत विकास र विस्तारका लागि आवश्यक विद्युतीय पोल तथा अन्य सामाग्रीहरु उत्पादन तथा प्रसोधन गरि आपूर्ति गर्ने,
- तोकिएको अन्य वन क्षेत्रको दिगो व्यवस्थापन गर्ने,

### १.३ जनशक्ति र श्रोत साधन

नेपाल वन निगम लिमिटेडमा कर्मचारीको दरवन्दी तालिका नं १ मा देखाइएको छ।

**तालिका नं १**

जनशक्ति र स्रोतसाधन

| तह | के.का. | | | शाखा कार्यालय | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | प्रशासन | लेखा | प्राविधिक | प्रशासन | लेखा | प्राविधिक | |
| प्र.का.अ. | १ | ० | ० | ० | ० | ० | १ |
| नि.प्र.का.अ. | १ | ० | ० | ० | ० | ० | १ |
| १० | २ | १ | ० | ० | ० | ० | ३ |
| ९ | ३ | १ | ० | ० | ० | ० | ४ |
| ८ | १ | २ | २ | ३ | ० | ० | ८ |
| ७ | ५ | २ | ४ | ८ | ३ | ३ | २५ |
| ६ | ६ | ४ | १ | १२ | ६ | ० | २९ |
| ५ | ७ | ३ | २ | ३३ | ७ | ३७ | ८९ |
| ४ | ३ | १ | ४ | १५ | ० | १६ | ३९ |
| ३ | १ | ० | ० | ४ | ० | ० | ५ |
| २ | ० | ० | ० | १ | ० | ० | १ |
| का.स. | ८ | ० | ० | ३० | ० | ० | ३८ |
| मजदुर | ० | ० | ० | ४ | ० | ० | ४ |
| जम्मा | **३८** | **१४** | **१३** | **११०** | **१६** | **५६** | **२४७** |

हाल नेपाल वन निगम लिमिटेडमा बिभिन्न पद तथा तहका जम्मा ५५ जना मात्र स्थायी कर्मचारीहरु कार्यरत रहेका छन् । जम्मा २४७ जनाको दरवन्दी रहेकोमा विभिन्न तहका १९२ पदहरु रिक्त रहेका छन् । दरवन्दी अनुसार ज्यादै न्यून कर्मचारी मात्र कार्यरत रहेकाले अपेक्षित उपलब्धि हासिल गर्न नसकिए पनि विद्यमान स्थायी, करार तथा दैनिक ज्यालादारी जनशक्ति अनुसार काठ दाउरा संकलन (छपान, कटान, मुछान, ढुवानी पाइलिंग, कटान तथा घाटगद्दी रजिस्ट्रर तयार गर्ने, लट बिबरण बनाउने, चट्टा बिबरण), चिरान उत्पादन सह उत्पादन उत्पादन, चिरान तथा सह उत्पादन बिक्री तथा उपादन, बिक्री अभिलेख अध्यावधिक गर्ने कार्य भैरहेको छ ।

## १.४ भौतिक संरचना तथा सम्पति

नेपाल वन निगम लिमिटेड कम्पनीको विभिन्न स्थानहरुमा आफ्नै पक्की तथा कच्ची घर लगायतका अन्य भौतिक संरचना रहेका छन्। देशका बिभिन्न ठूला शहरमा निगमको नाममा जग्गा तथा निम्न अनुसार गाडी, ढुवानी तथा सवारी साधान र अन्य मेसिनरी समान तपशिल बमोजिम रहेको छन्।

**तालिका नं २**

मिल मेसिनरी तथा सवारी साधन

| सामान | अबस्था | | जम्मा |
|---|---|---|---|
| | चालु | बिग्रेको | |
| ट्रक | २ | ३ | ५ |
| लोडर | - | २ | २ |
| कार/जिप | ५ | १ | ६ |
| मोटरसाइकल | ३२ | ५ | ३७ |
| सःमिल (बिरगंज, हेटौडा, भरतपुर, डण्डा, गेटा) | ५ | - | ५ |
| काठको पोल प्रसोधन प्लान्ट (हेटौडा) | १ | - | १ |
| पानि टंकी (१ लाख लिटर क्षमता हेटौडा) | १ | - | १ |
| वाटर पम्प (३०hp, हेटौडा) | १ | - | १ |
| चिरान काठ प्रसोधन तथा सिजनिंग प्लान्ट, भरतपुर चितवन | १ | - | १ |
| साइकल | २१ | ४ | २५ |

**तालिक नं ३**

जग्गा जमिन

| स्थान | क्षेत्रफ़ल | |
|---|---|---|
| | रोपनी | बिघा |
| बिराटनगर (मोरंग) | - | ०-८-० |
| जनकपुर (धनुषा) | - | ०-६-० |
| बिरगंज (पर्सा) | - | ०-८-० |
| हेटौडा (मकवानपुर) | - | ६-५-० |
| भरतपुर (चितवन) | - | १-५-० |
| बालकुमारी (ललितपुर) | ४-१२-३-० | - |
| बर्दाघाट (नवलपरासी) | - | ०-१७-९.५ |
| पोखरा (कास्की) | १-६-९-० | - |

| | | |
|---|---|---|
| धनगडी (कैलाली) | - | १-४-० |
| दिपायल (डोटी) | २-१५-०-३ | - |
| महेन्द्रनगर (कंचनपुर) | - | ०-७-१५ |

**तालिक नं ४**

**भौतिक संरचना**

| भवन | किसिम | | संख्या |
|---|---|---|---|
| | पक्कि | कच्ची | |
| बबरमहल काठमाडौं (हेड अफिस) | १ | २ | ३ |
| बालकुमारी ललितपुर (बिक्रि डिपो) | १ | २ | ३ |
| धनगडी कैलाली (शाखा अफिस) | १ | ४ | ५ |
| पथलैया बारा (शाखा अफिस) | - | २ | २ |
| भरतपुर चितवन (हेटौडा शाखा अन्तर्गत) | २ | ४ | ६ |
| बर्दाघट नवलपरासी | २ | ३ | ५ |
| पोखरा कास्की (पुरानो बिक्री डिपो) | १ | १ | २ |
| हेटौडा मकवानपुर (हेटौडा शाखा अफिस) | ७ | - | ७ |
| पशुपति काठमाडौं (बिक्रि डिपो) | - | २ | २ |
| कंचनपुर महेन्द्रनगर | १ | - | १ |
| नेपालगंज बाँके | १ | - | १ |
| **जम्मा** | **१७** | **२०** | **३७** |

**१.५ पूंजी तथा शेयरहोल्डर :**

नेपाल वन निगम लिमिटेड कम्पनीको अधिकृत पुंजी रू २५,००,००,००० (पच्चिस करोड रुपैया) रहेको छ । सो पुँजीलाई प्रति शेयर रु.१००/- का दरले २५००००० थान साधारण शेयर विभाजन गरिएको छ । चुक्ता पुँजि रु.१८,५०,००,००० (अठार करोड पचास लाख) रहेको छ । हाल कम्पनीले साधारण शेयर बाहेक अन्य शेयरहरुको व्यवस्था गरेको छैन । नेपाल वन निगम लिमिटेड सरकारको पूर्ण स्वामित्व भएको कम्पनि भएकाले, तालिका नं ५ अनुसारका निकायहरु शेयरहोल्डर रहेका छन् ।

**तालिका नं ५**

पूंजि तथा शेयरहोल्डर

| शेयर होल्डर निकाय | शेयर संख्या | जम्मा रकम रुपियामा |
|---|---|---|
| **अर्थ मन्त्रालय** | **६,७०,७६०** | **६,७०,७६०००** |

| | | |
|---|---|---|
| उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | २,५२,६३४ | २,५२,६३४०० |
| वन तथा वातावरण मन्त्रालय | ६,७२,५३,२ | ६,७२,५३,२०० |
| उद्योग विभाग | ६४, ७३५ | ६४, ७३५०० |
| वन तथा भू-संरक्षण विभाग | ६४,७३९ | ६४,७३९०० |
| राष्ट्रिय बाणिज्य बैंक | २४,६०० | २४,६०००० |
| नेपाल बिद्युत प्राधिकरण | १,००००० | १,००००००० |

### १.६ सञ्चालक समिति

नेपाल वन निगम लिमिटेडको संचालक समितिको व्यवस्था लिमिटेडको नियमावली को परिच्छेद ४ को नियम २७ ले गरेको छ। तालिका नं ६ अनुसार संचालक समिति देहाय अनुसार हुनेछ।

**तालिका नं ६**

सञ्चालक समिति

| संचालक | पद |
|---|---|
| सचिव -वन तथा वातावरण मन्त्रालय | अध्यक्ष |
| सहसचिव-अर्थ मन्त्रालय | सदस्य |
| सहसचिव- उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| सहसचिव -वन तथा वातावरण मन्त्रालयले तोके अनुसार | सदस्य |
| प्रमुख कार्यकारी अधिकृत- रास्ट्रीय बाणिज्य बैंक | सदस्य |
| कार्यकारी निर्देशक – नेपाल विद्युत प्राधिकरण | सदस्य |
| प्रमुख कार्यकारी अधिकृत-नेपाल वन निगम लिमिटेड. | सदस्य - सचिव |

### १.७ कार्यक्षेत्र

नेपाल वन निगम लिमिटेडकोको कार्यक्षेत्र निम्न अनुसारका तराई, भित्रि मधेश र पाहाडी जिल्लाहरुमा रहेको छ।

| | | | | |
|---|---|---|---|---|
| १. इलाम | २. झापा | ३.मोरङ्ग | ४.सुनसरी | ५.उदयपुर |
| ६. सप्तरी | ७. सिरहा | ८. महोत्तरी | ९. धनुषा | १०.सिन्धुली |
| ११. सर्लाही | १२.रौतहट | १३. बारा | १४. पर्सा | १५.मकवानपुर |
| १६. चितवन | १७. तनहुं | १८. कास्की | १९.नवलपरासी | २०.रुपन्देही |
| २१. कपिलवस्तु | २२. पाल्पा | २३. अर्घाखांची | २४. दाङ्ग | २५.बांके |
| २६. बर्दिया | २७. सुर्खेत | २८.कैलाली | २९.कञ्चनपुर | ३०. डडेलधुरा |
| ३१. डोटी | ३२. काठमाण्डौ | ३३. ललितपुर | ३४. भक्तपुर | |


### १.८ काठ, दाउराको माग र आपूर्तिको अवस्था


गोलिया काठ दाउरा तथा चिरान काठको मागलाइ दृष्टिगत गरी विगत बर्षहरुदेखि सरकारको नीति अनुरुप निगम संचालक समितिबाट बार्षिक ७ लाख क्यू.फिट गोलिया काठ र ११०० चट्टा दाउरा कटान संकलन गर्न लक्ष्य निर्धारण गर्ने गरिएकोमा बिद्धमान पुर्ननिर्माण, भूकम्प पिडित, बिकास निर्माण, शहरीक्षेत्रमा नीजि घर निर्माण बढ्दो क्रममा रहेको साथै बिद्धमान ३४ जिल्लाको कार्यक्षेत्रलाई हालको संघीयता अनुसार ७ वटै प्रदेशमा काठ दाउरा संकलन र आपूर्तिको कार्य बिस्तार गर्नु पर्ने भएकोले बार्षिक ९ लाख क्यू.फिट र ९०० चट्टा दाउरा उत्पादन गर्नु पर्ने आवश्यकता भएको देखिन्छ। आ.व. ०७५/७६ र आ.व.०७६/७७ लक्ष्य र प्रगति सम्बन्धी बिबरण तपसिलमा उल्लेख गरिएको छ।


**तालिका नं ७**


भौतिक लक्ष्य तथा प्रगति


| क्रियाकलापहरु | आ.व.०७५/७६ | | | आ.व.०७६/७७ | | |
|---|---|---|---|---|---|---|
| | लक्ष | उपलब्धि | भौतिक प्रगति % | लक्ष | उपलब्धि | भौतिक प्रगति % |
| गोलिया उत्पादन (.फि.क्यु) | ८८६,४०० | ३,८२,७६५ | ४३ | ७,३०,००० | ९२,१०४.४६ | १२.६ |
| दाउरा उत्पादन (चट्टा) | ९८६ | ५७३ | ५८ | ३६५ | २२८.२५ | ६२.५३ |
| चिरान काठ उत्पादग (क्यू.फिट) | २६४,६२२ | ८२,८०७.६७ | ३१ | २४६,२७६ | ३६,५६८.१४ | १४.८४ |
| गोलिया बिक्रि (क्यू.फिट) | ११९७८६ | २७,००९ | २२ | ५१,९४७.१३ | २७,०३३.९० | ५२.८५ |
| दाउरा बिक्रि (के.जी/चट्टा) | २,३६७,३६ के.जी | १,९०१,२९७ के.जी | ८० | ३७५.८३ चट्टा | ३१२.२५ चट्टा | ८३.१५ |
| चिरान काठ बिक्रि (.फि.क्यु) | २६४,६२२ | ८२,६९५ | ३१ | २,४०,१७४ | ३६,६८१.१४ | १५.७ |





आर्थिक वर्ष २०७६/७७ मा नेपाल वन निगम लिमिटेडको लक्ष्य अनुसार काठ दाउरा उत्पादन बिक्री बितरण हुन नसके पनि तल उल्लेखित महत्वपूर्ण कार्यहरु सम्पन्न भएका छन् ।

- सहुलियत मुल्यमा भूकम्प पिडित सेवाग्राहीलाई र भूकम्प प्रभावित राष्ट्रिय सम्पदा निर्माण तथा मर्मतका लागि १५,८६७ क्यू.फिट काठ उपलब्ध गराउन सफल भएको छ ।

- सर्बसाधारणलाइ घर निर्माणका लागि २१,८१४ क्युफि चिरान काठ उपलब्ध गराइएको छ।.
- दाहसंस्कार तथा अन्य धार्मिक प्रयोजनका लागि ३०५ चट्टा दाउरा उपलब्ध गराइएको छ।
- आ.व.०७६।७७ मा नेपाल वन निगमका क्रियाकलाप संचालन गर्दा थप ६०,१४९ श्रमदिन रोजगारी प्राप्त भएको छ।

**१.९ काठ दाउरा प्राप्तिमा समस्या**

निगम स्थापनाकाल देखि राष्ट्रिय वन जंगलमा निर्भर रहेकोमा बिद्यमान बन जंगल क्षेत्र बिभिन्न निकायहरु (सामुदायिक वन, साझेदारी वन, आयोजना परियोजना र संरक्षित वन आदि) लाई हस्तान्तरण हुदै गएको परिप्रेक्ष्यमा सरकारद्धारा ब्यवस्थित राष्ट्रिय वन जंगलको क्षेत्र न्यून हुदै गएकोले काठ दाउरा कटान संकलनको लागि वन क्षेत्र प्राप्तीमा समस्या रहेको देखिन्छ।

**१.१० समस्या समाधानका दिगो उपायहरु**

- निगमलाई दिगो रुपमा संचालनका लागि हालको बिद्यमान वन नीति, नियमावली तथा निर्देशिकाहरुमा तपसिल अनुसारको नीतिगत ब्यवस्था हुन अपरिहार्य देखिएको छ।
- बिभिन्न आयोजना परियोजना (राजमार्ग, बिद्युत प्रसारण लाईन, रेल्वे लाईन, निजगढ बिमानस्थल, मुक्त कमैया, बस्ती स्थानानतरण आदि) तथा तराईका डिभिजन वन कार्यालयहरुले सरकारद्वारा ब्यवस्थित राष्ट्रिय बन क्षेत्रको बार्षिक कार्ययोजना कार्यान्बयन गर्दा कटान गर्नु पर्ने रुखहरुको कटान संकलनको कार्य नेपाल बन निगम लिमिटेड मार्फत गर्नु पर्ने नीतिगत निर्णय हुनु पर्ने। यसरी नेपाल बन निगम लिमिटेड मार्फत कटान संकलन हुने काठ दाउराबाट उत्पादन हुने काठ दाउरा मध्ये ५० प्रतिशत काठ दाउरा निगमलाई हस्तान्तरण हुनु पर्ने।
- साझेदारी वन ब्यवस्थापन समुहहरुको कार्ययोजना अनुसार कटान संकलन हुने रुखहरुको कटान संकलन कार्य नेपाल वन निगम लिमिटेड मार्फत गर्ने गराउने साथै उत्पादित कुल काठ दाउरा परिमाणको २० प्रतिशत काठ दाउरा निगमलाई हस्तान्तरण हुनु पर्ने।
- सामुदायिक वन ब्यवस्थापन समुहको कार्ययोजना बमोजिम उत्पादन भएका काठ दाउरा मध्ये आन्तरिक खपत वाहेक लिलाम बढाबढका लागि छुटयाइएका काठ दाउराको रोयल्टी रकम र संकलन खर्चको अतिरिक्त थप वन ब्यवस्थापनको कार्यमा सहयोग वापत रोयल्टी रकमको २० प्रतिशतले हुने रकम थप गरी सामुदायिक वन समुहहरुलाई उपलब्ध गराइ निगमलाई काठ दाउरा हस्तान्तरण गर्नु पर्ने।

## भाग-२

## निगमबाट उत्पादन गर्ने वस्तु तथा सेवाहरु

### २.१ उत्पादन गर्ने वस्तु तथा सेवाहरु

**२१.१. गोलिया काठ तथा दाउराः**

निगमले उत्पादन गर्ने वस्तु वनको व्यवस्थापनबाट प्राप्त हुने गोलिया काठ र दाउराको संकलन गर्नु हो । यस बाहेक संकलित साल वाहेक अति नरम जातका गोलिया काठको शिलबन्दी लिलाम प्रकृयाबाट बिक्री गर्ने, दाहासंस्कार र धार्मिक प्रयोजनका लागि दाउरा आपूर्ति गर्ने, सःमील संचालन गरी काठ चिरान उत्पादन गर्ने, चिरान गरिएको काठलाई बिभिन्न स्थानमा डिपो संचालन गरी वा डिलर नियुक्ती गरि चिरान काठ बिक्री वितरण गर्ने, ब्रिकेट उत्पादन तथा वितरण गर्ने, पोल ट्रिटमेण्ट गर्ने र बिक्री गर्ने, कार्पेन्ट्री सप संचालन गरी सेवा विविधिकरण मार्फत सहज र सुपथ मूल्यमा सेवा प्रदान गर्ने तथा काष्ठ जन्य पदार्थमा आधारित उद्योगहरुको स्थापना गरी सेवा विविधिकरण गर्दै जाने छ ।

**२.१.२ चिरान काठ उत्पादनः**

निगमले उत्पादन गर्ने अर्को वस्तु चिरान काठ हो । आफूले उत्पादन गरेको गोलीया काठ गुणस्तरको हुने र सोही काठलाई आफ्नै सःमीलमा चिरान गर्ने तथा चिरान काठको मूल्य समेत गुणस्तरको आधारमा निर्धारण गरिने हुंदा टि.सि.एन. बाट उत्पादन हुने चिरान काठ अन्य निकायको तुलनामा उच्च गुणस्तरको हुने गर्दछ ।

**२.१३. गोल / ब्रिकेटः**

निगम स्थापनाको उद्देश्य बमोजिम दाउराको खपत कम गर्नका लागि काठजन्य सह उत्पादन पदार्थबाट गोल÷ब्रिकेट उत्पादन गर्ने कार्य गर्दै आएको छ । चिरान गर्दा प्राप्त हुने भुस र अन्य काम नलाग्ने खेर गइराखेको काष्ठ पदार्थबाट ब्रिकेट उत्पादन गर्न सकिन्छ । निगमको आफ्नै सःमीलबाट उत्पादन हुने कच्चा पदार्थबाट बन्ने र बजारको माग अनुसारको साइज र चाहना बमोजिमको गुणस्तर कायम गरिने हुंदा अन्य क्षेत्रको तुलनामा गुणस्तर राम्रो हुने सहज अनुमान गर्न सकिन्छ ।

**२.१.४ पोल ट्रिटमेन्टः**

काठको प्रयोगलाई बढी टिकाउ गर्ने उद्देश्य बमोजिम निगमको हेटौंडा स्थित ट्रिटमेन्ट प्लान्टबाट पोल ट्रिटमेन्ट गरी बिक्री गर्ने निगमको एक अर्को सेवा हो । विगतका वर्षहरु देखि नै पोल ट्रिटमेन्ट गरि गुणस्तरिय विद्युतिय पोल उत्पादन गर्दै आएको छ ।

**२.१.५ कार्पेन्ट्री सपः**

निगमको अर्को उत्पादन कारपेन्ट्री सप संचालन गरी सेवा विविधिकरण मार्फत सहज र सुपथ मुल्यमा सेवा प्रदान गर्ने सकिनेछ । आफ्नै सःमिलमा उत्पादन भएका काठ तथा खेर जाने (अनसाइज) सहउत्पादनबाट बजारमा बढी बिक्री हुने साइज र प्रकारको झ्याल र ढोकाको चौकोस, फर्निचर र पार्केटिङ्ग उत्पादन गरिने हुंदा अन्य क्षेत्रको तुलनामा गुणस्तर राम्रो हुने अपेक्षा गरिएको छ ।

### २.१.६ काठ सिजनिङ्ग र ट्रिटमेन्टः

साल वाहेकका नरम जातको गोलिया काठलाई बजारको माग अनुसारका साइजमा चिरान काठ उत्पादन गरी उक्त चिरान काठलाइ टिकाउ बनाउन सिजनिङ्ग र ट्रिटमेन्ट गरी बढी टिकाउ गर्ने उद्देश्य बमोजिम निगमको भरतपुर स्थित सिजनिङ्ग ट्रिटमेन्ट प्लान्टबाट उत्पादित नरम जातका चिरान काठ बिक्री गर्ने संस्थाको एक अर्को सेवा हो ।

### २.१.७ व्यवसायीक भवन निर्माण र संचालनः

निगमको स्वामित्वमा रहेका तर हाल पूर्णरुपमा प्रयोगमा नआएको जग्गा जमिन त्यसै राखि राख्दा एकातिर अतिक्रमण लगायतको समस्या आउने सम्भावना रहेको र अर्कोतिर निगमको आम्दानीमा पनि योगदान नपुग्ने भएकाले हालको जग्गा जमिन मध्येबाट तत्काल प्रयोगमा नआउने तर व्यावसायिक सम्भावना भएको स्थानमा रहेको जग्गामा सार्वजनिक निजी साझेदारीको अवधारणामा व्यावसायिक कम्प्लेक्स निर्माण गरी सञ्चालनमा ल्याउन सकिने र त्यसबाट निगमको आम्दानीमा वृद्धि हुनुका साथै आत्मनिर्भर हुन समेत सहयोग पुग्ने देखिन्छ ।

### २.२ लक्षित बजार क्षेत्रः

नरम जातका गोलिया काठ मध्ये ५० प्रतिशत गोलिया काठ सम्बन्धित घाटगद्दीबाट नै लिलाम बढाबढ प्रक्रियाबाट बिक्री गरिने र यसका मूख्य ग्राहक निजी क्षेत्रका काठ व्यवसायी हुनेछन् । बांकी ५० प्रतिशत गोलिया काठ चिरान, सिजनिंग तथा ट्रिटमेण्ट गरी बिक्री बितरण गरिने छ । चिरान काठको हकमा संचालक समितिबाट स्वीकृत बिक्री निर्देशिका अनुसार पुनर्निर्माण, भूकम्प पिडित, बिकास निर्माण र सर्वसाधारण जनतालाइ निजीघर निर्माणका लागि तोकिएको कागजात प्रमाणको आधारमा वा डिभिजन बन कार्यालयको सिफारिसमा प्राथमिकता अनुसार चिरान काठ बिक्री बितरण गर्ने छ । ठूला शहरहरुमा यसको माग अत्याधिक भएकाले काठमाण्डौ, पोखरा, चितवन, बिरगंज, जनकपुर लगायतका महानगरपालिका जस्तै ठूला शहरलाई लक्षित बजार मानी कार्य गरिने छ । ट्रिटमेन्ट प्लान्टबाट पोल ट्रिटमेन्ट गरी बिक्री गर्ने कार्य हेटौंडा कार्यालयबाट हुने भएतापनि यसका मुख्य ग्राहक दुरसंचार सेवा प्रदान गर्ने संस्थाहरु र बिद्युत सेवा प्रसारण गर्ने संस्थाहरुलाई बनाइने लक्ष्य लिइएको छ । काष्ठजन्य पदार्थ खरीद गरिसकेपछि खरिदकर्ताले ढुवानीको सेवा समेत दिन अनुरोध गरेमा निगमले सो वापतको दस्तुर वा भाडा लिई ढुवानी गर्नेछ । ब्रिकेटको मुख्य सेवाग्राही ठुला होटल र दाउराको प्रयोग गर्ने बजारमा वसोवास गर्ने मध्यम वर्गका परिवारलाई समेत बनाइएको छ । कार्पेन्ट्रीको हकमा ठूला शहरमा वसोवास गर्ने समुदायलाई मुख्य ग्राहक बनाइएको छ । ट्रिटमेन्ट पोलको लागि ढुवानीको सेवा प्रदान गरे बमोजिम नै ब्रिकेट र कारपेन्ट्रीको हकमा मालधनीले ढुवानीको सेवा समेत दिन अनुरोध गरेमा निगमले सो वापतको मूल्य लिइ ढुवानी सेवा प्रदान गर्ने लक्ष्य लिइएको छ ।

## भाग-३

## संक्षिप्त कार्ययोजना

उपरोक्त भाग-१ मा उल्लेखित नीतिगत ब्यवस्था सहित भाग-२ मा उल्लेखित कार्यहरु सम्पादन हुदै गएमा नेपाल बन निगम लिमिटेड दिगो रुपमा संचालन गर्न सहज हुनुका साथै सर्वसाधारण जनतालाई काष्ठ जन्य पदार्थको सहज आपूर्तिका साथै सरकारी राजस्वमा अभिबृद्धि हुने देखि तपसिल अनुसारको संक्षिप्त कार्ययोजना तयार गरिएको छ।

### ३.१ काठ, दाउरा संकलनको पञ्च बर्षिय लक्ष्य :

| आ.ब. | प्रदेश | जिल्लाहरु | परिमाण | | प्राप्तिको श्रोत |
|---|---|---|---|---|---|
| | | | गोलिया काठ (क्यू.फिट) | दाउरा (चट्टा) | |
| ०७७।७८ देखि ०८१।८२ सम्म प्रत्येक बर्ष | १ | मोरंग, सुनसरी, उदयपुर | २,००,००० | २०० | सरकारद्वारा ब्यवस्थित राष्ट्रिय वन |
| | | आयोजना परियोजना | - | - | |
| | २ | रौतहट, बारा, पर्सा | २,००,००० | १०० | सरकारद्वारा ब्यवस्थित राष्ट्रिय वन |
| | | आयोजना परियोजना | १,५०,००० | १५० | बिद्धुत प्रसारण लाईन, रेल्वे, बिमानस्थल |
| | बागमति | चितवन | २५,००० | २५ | सरकारद्वारा ब्यवस्थित राष्ट्रिय वन |
| | | आयोजना परियोजना | ५०,००० | ५० | शक्तिखोर औधोगिक क्षेत्र |
| | गण्डकी | नवलपुर | २५,००० | २५ | सरकारद्वारा ब्यवस्थित राष्ट्रिय वन |
| | लुम्बनी | रुपन्देही, कपिलवस्तु | २५,००० | २५ | सरकारद्वारा ब्यवस्थित राष्ट्रिय वन |
| | कर्णाली | सुर्खेत, बाँके, बर्दिया | २५,००० | २५ | सरकारद्वारा ब्यवस्थित राष्ट्रिय वन र बसोबास क्षेत्र |
| | सुदुरपश्चिम | कैलाली, कञ्चनपुर | १,००,००० | २०० | सरकारद्वारा ब्यवस्थित राष्ट्रिय वन |
| | | आयोजना परियोजना | १,००,००० | १०० | दैजि औधोगिक क्षेत्र, सडक र सिंचाई |
| | | **कुल जम्मा** :- | ९,००,००० | ९०० | |
| | | ५ बर्षको जम्मा | ४५,००,००० | ४,५०० | |

- उपरोक्त तालिका बमोजिम बार्षिक रुपमा ९ लाख क्यू.फिट गोलिया काठ र ९०० चट्टा दाउरा उत्पादनको लक्ष्य अनुमानित गरिएको छ।
- उक्त गोलिया काठ दाउरा मध्ये ८० प्रतिशत साल र २० प्रतिशत कुकाठ  जात उत्पादन हुने अनुमान गरिएको छ।

### ३.२ चिरान काठ बिक्री बितरणको पञ्च बर्षिय लक्ष्य :

| आ.ब. | प्रदेश | चिरान गरिने गोलिया परिमाण (क्यू.फिट) | स्थानिय आपूर्ति परिमाण (क्यू.फिट) | काठमाडौ, पोखरा सिपमेन्ट परिमाण (क्यू.फिट) | जम्मा चिरान काठ परिमाण (क्यू.फिट) |
|---|---|---|---|---|---|
| ०७७।७८ देखि ०८१।८२ सम्म प्रत्येक बर्ष | १ | १,४४,००० | ७०,२०० | २३,४०० | ९३,६०० |
| | २ | २,५२,००० | १२२,८५० | ४०,९५० | १६३,८०० |
| | बागमति | ५४,००० | २६,३२५ | ८,७७५ | ३५,१०० |
| | गण्डकी | १८,००० | ८,७७५ | २,९२५ | ११,७०० |
| | लुम्बनी | १८,००० | ८,७७५ | २,९२५ | ११,७०० |
| | कर्णाली | १८,००० | ८,७७५ | २,९२५ | ११,७०० |
| | सुदुरपश्चिम | १,४४,००० | ७०,२०० | २३,४०० | ९३,६०० |
| बार्षिक जम्मा | | ६,४८,००० | ३,१५,९०० | १०५,३०० | ४,२१,२०० |
| ५ बर्षको जम्मा | | ३२,४०,००० | १५,७९,५०० | ५,६५,००० | २१,०६,००० |

### ३.३ गोलिया काठ दाउरा थोक बिक्री बितरणको पञ्च बर्षिय लक्ष्य :

| आ.ब. | प्रदेश | साल गोलिया काठ परिमाण (क्यू.फिट) | अन्य जात परिमाण (क्यू.फिट) | जम्मा काठ परिमाण (क्यू.फिट) |
|---|---|---|---|---|
| ०७७।७८ देखि ०८१।८२ सम्म प्रत्येक बर्ष | १ | १६,००० | २०,००० | ३६,००० |
| | २ | २८,००० | ३५,००० | ६३,००० |
| | बागमति | ६,००० | ७,५०० | १३,५०० |
| | गण्डकी | २,००० | २,५०० | ४,५०० |
| | लुम्बनी | २,००० | २,५०० | ४,५०० |

| | | | | |
|---|---|---|---|---|
| | कर्णाली | २,००० | २,५०० | ४,५०० |
| | सुदुरपश्चिम | १६,००० | २०,००० | ३६,००० |
| बार्षिक जम्मा | | **७२,०००** | **९०,०००** | **१,६२,०००** |
| ५ बर्षको जम्मा | | **३,६०,०००** | **४,५०,०००** | **८,१०,०००** |

- साल गोलिया काठ मध्ये ९० प्रतिशत गोलिया काठ समील सिपमेन्ट गरी चिरान काठ उत्पादन गरिनेछ। बाँकी १० प्रतिशत लिलाम बढाबढ प्रकृयाबाट बिक्री गरिनेछ।

### ३.४ बिक्रीबाट प्राप्त रकम र राजस्व प्राप्तिमा टेवा :

**(रकम रु लाख मा, परिमाण हजार मा)**

| आ.ब. | गोलिया काठ बिक्री | | चिरान काठ बिक्री | | दाउरा बिक्री | | सह उत्पादन बिक्री क्वीन्टल | | जम्मा आम्दानी | राजस्व दाखिला |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिमाण क्यू. फि | रकम रु. | परिमाण क्यू. फि | रकम रु. | परिमाण चट्टा | रकम रु. | परिमाण | रकम रु. | | |
| ०७७।७८ देखि ०८१।८२ सम्म प्रत्येक बर्ष | १६२ | १८२७ | ४६६.२ | १३३११ | ९०० | ४०५ | ८७ | ८७३ | १६४१६ | ९५२६ |
| ५ बर्षको जम्मा | ८१० | ९१३५ | २३३१ | ६६५५५ | ४५०० | २०२५ | ४३५ | ४३६५ | ८२७१० | ४७६३० |

**३.५ खर्च तथा बचत :**

उपरोक्त आम्दानी रकम मध्ये निगम संचालन गर्दा तपसिल अनुसारको शिर्षकहरुमा तपशिलमा उल्लिखत तालिका अनुसार बार्षिक खर्च तथा बचत हुने अनुमान गरिएको छ।

(रु. लाख मा)

| सि.नं. | खर्च शिर्षकहरु | अनुमानित रकम रु. (बार्षिक) | अनुमानित रकम रु. (पन्च बर्षिय) | कैफियत |
|---|---|---|---|---|
| १. | उत्पादन तथा कार्यक्रम खर्च | ३६०६ | १८०३० | |
| २. | प्रशासन तथा शिरोभार खर्च | २५०० | २५००० | |
| ३. | रोयल्टी खर्च | ५९५५ | २९७७५ | |
| **जम्मा खर्च** | | **१२०६१** | **६०३०५** | |
| अनुमानित सञ्चालन नाफा | | ४४८१ | २२४०५ | |

## भाग-४

## प्रतिफल, रोजगारी तथा निष्कर्ष

### ४.१ कार्ययोजनाको प्रतिफल:

भाग-१ को खण्ड १.१० मा उल्लेखित बिषयहरु उपर सरकारबाट निगम संचालनको नीतिगत ब्यवस्था भई कार्यान्वयन हुँदा सर्बसाधारण जनताको घर मर्मत, नयाँ घर निर्माण, बिकास निर्माण, पुरातात्विक महत्वका सम्पदाहरुको पुर्ननिर्माण लगायतका कार्यमा साल चिरान काठ, सिजनिगं, ट्रिटमेन्ट भएको नरम जातको काठ र दाउरा लगायत तयारी काष्ठजन्य पदार्थको सुलभ तरिकाबाट आपूर्ति ब्यवस्था सहज हुनेछ ।

### ४.२ रोजगारी श्रृजना :

उपरोक्त कार्ययोजना कार्यान्वयन हुँदा तपसिल अनुसारको प्रत्यक्ष अप्रत्क्षय रुपमा बार्षिक करिव ५ लाख दिन श्रम रोजगारी श्रृजना भई गरिविन्यूनी करणमा टेवा पुग्नेछ ।

तपसिल

| कामको बिबरण | इकाई | परिमाण | श्रृजना हुने श्रमदिन | स्पष्टिकरण |
|---|---|---|---|---|
| काठ दाउराको कटान संकलन र घाट्टगद्दी आदि | क्यू.फिट | ९,००,००० | १,८०,००० | ५ क्यू.फिट उत्पादनमा १ श्रमदिन |
| चिरान काठ उत्पादन | क्यू.फिट | ४,२१,२०० | ३२,४०० | १३ क्यू.फिट उत्पादनमा १ श्रमदिन |
| ट्रिटमेन्ट/सिजनिगं प्लान्ट संचालन | क्यू.फिट | ४५,००० | १७३० | २६ क्यू.फिट उत्पादनमा १ श्रमदिन |
| कारपेन्ट्री सप (झ्याल, ढोकाको चौकस र फर्निचर आदि) | वटा | ५०,००० | १,५०,००० | १ वटा तयारी उत्पादनमा ३ श्रमदिन |
| गोल/ब्रिकेट | वटा | ५,००,००० | ५०,००० | १० वटा तयारी उत्पादनमा १ श्रमदिन |
| बिक्री डिपो वा डिलरमा चिरान काठ पाइलिगं, लोड र अनलोड | वटा | २० | ३६,५०० | ५ श्रमदिन प्रति दिन |
| **बार्षिक श्रमदिन रोजगारी जम्मा** | | | **४,५०,६३०** | |
| **५ बर्षको श्रमदिन रोजगारी जम्मा** | | | **२२,५३,१५०** | |

**४.३ निष्कर्ष :**

नेपाल वन निगम लिमिटेड (साविक टि.सि.एन.) स्थापनाकाल देखि सरकारद्वारा व्यवस्थित वन जंगल भित्रका सुखड-खडा, ढलापडा रुखहरु तथा सरकारको प्राथमिकता प्राप्त आयोजना परियोजना कार्यान्वयन गर्दा काटिने रुखहरुको ब्यवस्थित रुपले कटान संकलनको कार्यबाट प्राप्त हुने काठ सःमिल चिरान गरि उत्पादित चिरान काठ सर्बसाधारणहरुलाई घर मर्मत, निर्माण, बिकास निर्माण, पुरातात्विक सम्पदाहरुको पुर्ननिर्माणका साथै दैविप्रकोप पीडित (आगलागी, बाढी, भूकम्प पिडित) हरुलाइ चिरान काठ आपूर्ति तथा दाहसंस्कार प्रयोजनका लागि दाउरा सरल सुलभ तरिकाबाट आपूर्ति गर्नुका साथै सेवा विविधिकरण गर्दै जान सरकारबाट नीतिगत कानूनी ब्यवस्था गर्न अपरिहार्य भएको ।